# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, असार ३० गते, २०७६ साल (संख्या १६

## भाग ३

नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले अध्यागमन नियमावली, २०५१ को नियम ४६ ले दिएको अधिकारको प्रयोग गरी सो नियमावलीको अनुसूची-९ र अनुसूची-१२ को सट्टा देहायका अनुसूची-९ र अनुसूची-१२ राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

"अनुसूची-९

(नियम २९ सँग सम्बन्धित)

भिसा दस्तुर

१. नियोग वा प्रवेशस्थल स्थित कार्यालयले पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तुर :

(क) पन्ध्र दिनको बहुप्रवेशी सुविधा सहितको भिसाका लागि तीस अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(ख) तीस दिनको बहुप्रवेशी सुविधा सहितको भिसाका लागि पचास अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(ग) नब्बे दिनको बहुप्रवेशी सुविधा सहितको भिसाका लागि एक सय पच्चीस अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(घ) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्रका राहदानी बाहकलाई तीस दिनसम्मको अवधिका लागि भिसा दस्तुर नलाग्ने ।

२. पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर :

(क) म्याद थप गर्न प्रति दिनको तीन अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ख) म्याद थप अवधिका लागि मात्र मान्य हुने गरी बहुप्रवेशी सुविधा माग गरेमा खण्ड (क) बमोजिमको दस्तुरमा थप पच्चीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्नु परेमा यस नियमावली बमोजिम भिसा म्याद थप गर्दा लाग्ने साधारण दस्तुरमा प्रति दिनको पाँच अमेरिकी डलरका दरले हुन आउने रकम बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्ने,

(घ) पर्यटक भिसामा बस्न पाउने अवधि एक सय पचास दिनभन्दा बढी अवधि भिसाको म्याद थप नगराई बसेका विदेशीको हकमा खण्ड (ग) मा उल्लिखित

दस्तुर र ऐनको दफा १० को उपदफा (४) बमोजिम हुन सक्ने जरिबाना समेत थप लाग्ने,

(ङ) खण्ड (क) मा जुनसुकै लेखिएको भए तापनि पर्यटक भिसाको म्याद थप गर्ने प्रयोजनका लागि भिसा दस्तुरको गणना गर्दा पन्ध्र दिन भन्दा कम अवधिको भए पन्ध्र दिनको र सो भन्दा बढि अवधिको भए खण्ड (क) बमोजिमको दस्तुर लाग्ने ।

३. <u>अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर</u> :

(क) प्रवेश समयमा तीस दिनको अध्ययन भिसा जारी गर्नु परेमा तीस अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(ख) अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा शैक्षिक उपाधि प्राप्त हुने गरी (Degree Programme) अध्ययनरत विद्यार्थी र तिनका आश्रित परिवारलाई प्रति महिना तीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा, शैक्षिक उपाधि प्राप्त नहुने गरी (Non-Degree Programme) अध्ययनरत विद्यार्थी र तिनका आश्रित परिवारलाई प्रति महिना पचहत्तर अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) बंगलादेशबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई पारस्पारिकताको आधारमा बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा वार्षिक पन्ध्र अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(घ) माल्दिभ्सबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई पारस्परिकताको आधारमा

बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा वार्षिक पच्चीसअमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ङ) भुटानबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा मासिक पन्ध्र अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(च) खण्ड(ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रीलङ्का र पाकिस्तानबाट अध्ययन गर्न आउने विद्यार्थीलाई पारस्पारिकताका आधारमा अध्ययन भिसा जारी गर्दा भिसा दस्तुर नलाग्ने,

तर त्यस्ता विद्यार्थीका परिवारलाई अध्ययन भिसा जारी गर्दा भिसा शुल्क बापत मासिक दशअमेरिकी डलर बराबरको नेपाली मुद्रा लाग्नेछ ।

(छ) नेपालस्थित विश्वविद्यालयहरु र विदेशी विश्वविद्यालयहरु बीच शिक्षक आदान-प्रदान कार्यक्रम अन्तर्गत नेपाल आई निशुल्क अध्ययन भिसा प्राप्त गर्ने भनी निर्णय भएका विदेशीका आश्रित परिवारलाई अध्ययन भिसा जारी गर्दा मासिक पन्ध्र अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ज) अध्यापन तथा अनुसन्धान गर्न आउने अन्य विदेशी र तिनका आश्रित परिवारलाई मासिक पचास अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

४. **गैर पर्यटक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर** :

(क) प्रवेशको समयमा तीस दिनको गैर पर्यटक भिसा जारी गर्नु परेमा तीस अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(ख) नेपाली मूलका विदेशी र नेपाली बाबु वा आमाका विदेशी राहदानी बाहक सन्तानलाई प्रति महिना दश अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) पत्रकार र तिनका आश्रित परिवारलाई प्रति महिना पन्ध्रअमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(घ) नेपाल सरकारको कार्यालय वा आयोजनामा प्रत्यक्ष रुपमा संलग्न भई कार्यरत हुने विदेशी र तिनका आश्रित परिवारलाई प्रति महिना तीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ङ) नेपाली नागरिकसँग विवाह गर्ने विदेशीलाई प्रति महिना पन्ध्र अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(च) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीका बाबु, आमा, दाजु, भाइ, दिदी वा बहिनी निजलाई भेट्न आउने भएमा वा नातेदार भेट्ने प्रयोजनका लागि आउने अन्य विदेशीलाई प्रति महिना पच्चीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(छ) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थासँग ठेक्का पट्टामा काम गर्न श्रम स्विकृती प्राप्त वा सन् १९८९ भन्दा अघिदेखि नेपालमा कुनै कारोबार गरी बसेका चिनिया

नागरिकलाई प्रति महिना बीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ज) दातृराष्ट्र र नेपाल सरकारबीच सम्झौता भई दातृराष्ट्रको प्रत्यक्ष लगानीमा सञ्चालित गैर सरकारी संस्थामा कार्यरत विदेशी र तिनका आश्रित परिवारलाई प्रति महिना पचासअमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(झ) अन्य विदेशीलाई प्रति महिना पचहत्तर अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ञ) खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यागमन नियमावली, २०५१ लागू हुनुभन्दा अघि विदेशी सम्बन्धी नियमावली, २०३२ बमोजिम निःशुल्क भिसा प्राप्त गरिसकेका नेपाली पुरुष नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी महिलालाई वैवाहिक सम्बन्ध कायम रहेसम्म भिसा दस्तुर नलाग्ने ।

५. <u>व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर</u> :

(क) एक करोड रुपैयाँ भन्दा बढी व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई देहायको अवधिको लागि बहुप्रवेशी व्यावसायिक भिसा जारी गर्दा देहाय बमोजिमको दस्तुर लाग्ने :-

(१) एक वर्षभन्दा कम अवधिको भिसा जारी गर्दा मासिक बीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(२) वार्षिक रुपमा भिसा जारी गर्दा दुई सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा, र

(३) पाँच वर्षको भिसा जारी गर्दा पाँच सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ख) एक करोड रुपैयाँ र सो भन्दा कम व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई देहायको अवधिको लागि बहुप्रवेशी व्यावसायिक भिसा जारी गर्दा देहाय बमोजिमको दस्तुर लाग्ने :-

(१) एक वर्षभन्दा कम अवधिको भिसा जारी गर्दा मासिक पैंतीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(२) वार्षिक रुपमा भिसा जारी गर्दा चार सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा, र

(३) पाँच वर्षको भिसा जारी गर्दा एक हजार अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ग) नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने वा निकासीको लागि खरिद आदेश दिने विदेशीलाई खण्ड (क) बमोजिमको भिसा दस्तुर लाग्ने,

(घ) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश करोड रुपैयाँ वा सो भन्दा बढी व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित

परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई बहुप्रवेशी भिसा जारी गर्दा भिसा दस्तुर नलाग्ने,

(ङ) प्रविधि हस्तान्तरण प्रयोजनका लागि आउने विशेषज्ञ र निजको आश्रित परिवारलाई खण्ड(ख) मा उल्लेख भए बमोजिम भिसा दस्तुर लाग्ने ।

६. <u>अन्तरिम भिसा जारी गर्दा लाग्ने दस्तुर</u> : अन्तरिम भिसा जारी गर्दा पाँच अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा ।

७. <u>गैर आवासीय नेपाली भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर</u> : बहुप्रवेशी भिसाका लागि वार्षिक एक सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा र अध्ययन गर्न आउने विद्यार्थीका हकमा वार्षिकपच्चीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

८. <u>बहुप्रवेशी सुविधा सहित आवासीय भिसा जारी गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तुर</u> :

(क) पहिलो पटक पाँच सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक दुई सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ख) नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड(ङ) बमोजिमको विदेशीका लागि पहिलो पटक सात सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिकएक हजार दुई सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यागमन नियमावली, २०५१ को पहिलो संशोधन (२०५८।२।२२) लागु हुनु पूर्व सो नियमावलीको नियम ११ को उपनियम(१) को खण्ड (ङ) बमोजिम आवासीय भिसा प्राप्त गरी नेपालमा बसी आएका विदेशीलाई नवीकरण दस्तुर बापत वार्षिक एक सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

९. <u>व्यावसायिक, अध्ययन र गैर पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्दा लाग्ने दस्तुर</u> :

(क) व्यावसायिक, अध्ययन र गैर पर्यटक भिसाको सिफारिस विभागमा दर्ता भएको मिति देखि मात्र सिफारिस गरिए बमोजिमको भिसा प्राप्त हुने भएकोले समयमै भिसाको म्याद थप नगरी बसेका विदेशीका हकमा सम्बन्धित निकायबाट पुनः सोही भिसाको सिफारिस प्राप्त भएमा म्याद थप नगरी बसेको अवधिका हकमा पहिले जुन भिसामा बसेको हो सो भिसाबापत यस नियमावली बमोजिम लाग्ने दस्तुरमा सत प्रतिशत थप दस्तुर लाग्ने,

तर साविक भिसा पर्यटक भिसा भएमा एक सय पचास दिनको अवधि भित्रको भए क्रम सङ्ख्या २ बमोजिम पर्यटक भिसाको म्याद थप वा

नियमित गर्दा लाग्ने दस्तुर सरहको दस्तुर लाग्नेछ।

(ख) खण्ड (क) बमोजिम पुनः सिफारिस प्राप्त नभएमा एक सय पचास दिनको अवधि भित्रको भए क्रम सङ्ख्या २ अनुसार पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर सरहको दस्तुर र सो अवधि भन्दा बढी भए ऐनको दफा १० को उपदफा (४) बमोजिम जरिबाना समेत लाग्ने ।

१०. <u>पर्यटक भिसा बाहेक अन्य भिसाको मान्य अवधिसम्म मात्र कायम रहने गरी एक प्रवेशी र बहुप्रवेशी सुविधा लिनु परेमा लाग्ने दस्तुर</u> : एक प्रवेशीका लागि बीस र बहुप्रवेशीका लागि साठी अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

११. <u>अन्य दस्तुर</u> :

(क) प्रवेशस्थलबाट भिसा नलिई प्रवेश गर्ने विदेशीलाई पर्यटक भिसा जारी गर्नु परेमा यस नियमावली बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत थप गरी सो बराबरको नेपाली मुद्रा लाग्ने,

(ख) यात्रा अनुमतिपत्र जारी गर्दा तीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा लाग्ने,

(ग) आगमन वा प्रस्थान प्रमाणित गर्दा वा भिसा स्थानान्तरण गर्नु परेमा दुई अमेरिकी डलर बराबरको नेपाली मुद्रा लाग्ने,

(घ) खण्ड (क) मा जुनसुकै लेखिएको भए तापनि यस नियमावली बमोजिम प्रवेश भिसा दस्तुर नलाग्ने व्यवस्था भएका विदेशी (दश वर्ष मुनिका बाहेक) प्रवेश स्थलबाट भिसा नलिई प्रवेश गरेमा विभागबाट प्रवेश भिसा जारी गर्दा क्रम संख्या १ को खण्ड (क), (ख) वा (ग) बमोजिमको दस्तुर बराबरको नेपाली मुद्रा र यस नियमावली वा नेपाल सरकारले भिसा दस्तुर नलाग्ने व्यवस्था गरेका विदेशीले भिसाको म्याद थप नगरी बसेमा भिसा नियमित गर्दा सोह्रवर्ष मुनिका विदेशीका हकमा निजका अभिभावक र सोह्र वर्ष माथिका विदेशीका हकमा राहदानी बाहकलाई ऐनको दफा १० को उपदफा (४) बमोजिम जरिबाना हुन सक्ने।

१२. <u>भिसा दस्तुरको गणना</u> : पर्यटक भिसा बाहेक अन्य भिसाको दस्तुर गणना गर्ने प्रयोजनका लागि अवधि गणना गर्दा पन्ध्र दिन भन्दा कम अवधिको भए पन्ध्र दिनसम्मको र पन्ध्र दिनभन्दा बढी र एक महिना भन्दा कम अवधिको भए एक महिनाको भिसा दस्तुर लाग्ने गरी दस्तुरको गणना गरिने ।

१३. <u>आवासीय भिसाको नवीकरण नगरी बसेका विदेशीलाई लाग्ने दस्तुर</u> : आवासीय भिसा नवीकरण नगरी बसेका विदेशीको भिसा नवीकरण गर्दा नियम बमोजिम लाग्ने दस्तुरमा मासिक तीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्ने ।

१४. <u>गैर आवासीय नेपाली भिसाको म्याद थप नगरी बसेका विदेशीलाई लाग्ने दस्तुर</u> : गैर आवासीय नेपाली भिसाको

म्याद थप नगरी बसेका विदेशीको म्याद थप गर्नु परेमा यस नियमावली बमोजिम लाग्ने दस्तुरमा मासिक दशअमेरिकी डलर बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्ने ।

अनुसूची -१२

(नियम ३९ सँग सम्बन्धित)

<u>पदयात्रा अनुमति दस्तुर</u>

| क्र.सं. | गाउँपालिका/नगरपालिकाको विवरण (निषेधित क्षेत्र) | पदयात्रा अनुमति दस्तुर |
|---|---|---|
| १. | माथिल्लो मुस्ताङ<br>(क) लोमन्थाङ गाउँपालिका :<br>(१) वडा नं.१ देखिवडा नं. ५ सम्मको सम्पूर्णभू-भाग,<br>(२) साविकका लोमान्थाङ्ग, छोसेर र छोन्हुप गाउँ विकास समितिका सम्पूर्ण भू-भाग ।<br>(ख) लो-घेकर दामोदरकुण्ड गाउँपालिका :<br>(१) वडा नं.१ देखिवडा नं. ५ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका चराङ्ग, घमी र सुर्खाङ गाउँ विकास समितिका सम्पूर्ण भू-भाग ।<br>(ग) बारागुङ्ग मुक्तिक्षेत्र गाउँपालिका :<br>(१) वडा नं.३ का सम्पूर्ण भू-भाग र वडा नं. ५ को साङता गाउँ,<br>(२) साविकको छुसाङ गाउँ विकास समितिको सम्पूर्ण भू-भाग र साविकको कागवेनी गाउँ विकास समिति, वडा नं. १ को साङ्ता गाउँ मात्र। | पहिलो दश दिनका लागि प्रति व्यक्ति पाँच सय अमेरिकी डलर र त्यसपछि प्रति दिन पचास अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा । |
| २. | माथिल्लो डोल्पा<br>(क) डोल्पो बुद्ध गाउँपालिका :<br>(१) वडा नं.४ देखिवडा नं. ६ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकको तिन्जे गाउँ विकास समितिको सम्पूर्ण भू-भाग ।<br>(ख) शे फोक्सुण्डो गाउँपालिका :<br>(१) वडा नं.१ देखिवडा नं. ७ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका साल्दाङ्ग र भिजेर गाउँ विकास समितिका सम्पूर्ण क्षेत्र। | पहिलो दश दिनका लागि प्रति व्यक्ति पाँच सय अमेरिकी डलर र त्यस पछि प्रति दिन पचास अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा । |

| क्र.सं. | गाउँपालिका/नगरपालिकाको विवरण (निषेधित क्षेत्र) | पदयात्रा अनुमति दस्तुर |
|---|---|---|
| | (ग) छार्का ताङसोङ गाउँपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ६ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका छार्का र मुकोट गाउँ विकास समितिका सम्पूर्ण भू-भाग) | |
| ३. | <u>गोरखा मनास्लु क्षेत्र</u><br>चुमनुब्री गाउँपालिकाको :<br>(१) वडा नं. १, २, ४ र ५ का सम्पूर्ण भू-भाग,<br>(२) साविकका सामागाउँ, ल्हो, प्रोक र विही गाउँ विकास समितिका सम्पूर्ण भू-भाग । | (क) सेप्टेम्बरदेखि नोभेम्बरसम्म पहिलो एक हप्ताको लागिप्रति व्यक्ति एक सय अमेरिकी डलरवा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रति दिन प्रति व्यक्ति पन्ध्र अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशीमुद्रा।<br>(ख) डिसेम्बरदेखि अगस्तसम्म पहिलो एक हप्ताको लागिप्रति व्यक्ति पचहत्तर अमेरिकी डलर वासो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा र त्यसपछि प्रति दिन प्रति व्यक्ति दश अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा । |
| ४. | <u>हुम्ला</u><br>(क) सिमकोट गाउँपालिकाको :<br>(१) वडा नं. १, ६ र ७ को सम्पूर्ण भू-भाग,<br>(२) साविकको ठेहे गाउँ विकास समितिको वडा नं. ६ देखि वडा नं. ९ सम्मको सम्पूर्ण भू-भाग,<br>(३) साविकको सिमिकोट गाउँ विकास समितिकोवडा नं १ र २ सहित साविकको डाँडाफाया गाउँ विकास समितिको सम्पूर्ण भू-भाग ।<br>(ख) नाम्खा गाउँपालिका : | पहिलो एक हप्ताको लागिप्रति व्यक्ति पचास अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रति दिन प्रतिव्यक्ति दश अमेरिकी डलर वा सोबराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । |

| क्र.सं. | गाउँपालिका/नगरपालिकाको विवरण (निषेधित क्षेत्र) | पदयात्रा अनुमति दस्तुर |
|---|---|---|
| | (१) वडा नं. १ देखि वडा नं. ६ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका हेप्का, खगालगाउँ, मुचु र लिमि गाउँ विकास समितिकासम्पूर्ण भू-भाग ।<br>(ग) चंखेली गाउँपालिका :<br>(१) वडा नं. ३ देखि वडा नं. ५ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका मिमि र श्रीमष्टागाउँ विकास समितिकासम्पूर्ण भू-भाग । | |
| ५. | <u>ताप्लेजुङ</u><br>(क) फक्ताङलुङ गाउँपालिका :<br>(१) वडा नं. ६ र ७ को सम्पूर्ण भू-भाग,<br>(२) साविकका लेलेप र ओलाङचोङगोला गाउँ विकास समितिकासम्पूर्ण भु-भाग ।<br>(ख) मिक्वाखोला गाउँपालिका :<br>(१) वडा नं. ५को सम्पूर्ण भू-भाग,<br>(२) साविकको पापुङ गाउँ विकास समितिकोसम्पूर्ण भु-भाग ।<br>(ग) सिरीजङ्घा गाउँपालिका :<br>(१) वडा नं. ८ को सम्पूर्ण भु-भाग,<br>(२) साविकका याम्फुदिन गाउँ विकास समितिकोसम्पूर्ण भु-भाग । | पहिलो चार हप्ता सम्म प्रति व्यक्ति प्रति हप्ता बीस अमेरिकीडलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा र त्यसपछि प्रति व्यक्ति प्रति हप्ता पच्चीसअमेरिकीडलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । |
| ६. | <u>तल्लो डोल्पा क्षेत्र</u><br>(क) ठुलीभेरी नगरपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ११ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका दुनै, माझफल, जुफाल र रह गाउँ विकास समितिकासम्पूर्ण भू-भाग।<br>(ख) त्रिपुरासुन्दरी नगरपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ११ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका त्रिपुराकोट, सुँ, ल्हाँ, पहाडा र लिकुगाउँ विकास समितिकासम्पूर्ण | पहिलो एक हप्ताको लागि प्रति व्यक्ति बीस अमेरिकीडलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा र त्यसपछि प्रति दिन प्रतिव्यक्ति पाँच अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा । |

| क.सं. | गाउँपालिका/नगरपालिकाको विवरण (निषेधित क्षेत्र) | पदयात्रा अनुमति दस्तुर |
|---|---|---|
| | भू-भाग ।<br>(ग) डोल्पो बुद्ध गाउँपालिका :<br>(१) वडा नं.१ देखिवडा नं. ३ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकको धो गाउँ विकास समितिकोसम्पूर्ण भू-भाग ।<br>(घ) शे फोक्सुन्डो गाउँपालिका :<br>(१) वडा नं. ८ र ९ को सम्पूर्ण भू-भाग,<br>(२) साविकको फोक्सुन्डो गाउँ विकास समितिकोसम्पूर्ण भू-भाग ।<br>(ङ) जगदुल्ला गाउँपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ६ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकको काई गाउँ र रिमि गाउँ विकास समितिका सम्पूर्ण भू-भाग ।<br>(च) मुड्केचुला गाउँपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ९ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकको कालिका, नर्कु र सर्मी गाउँ विकास समितिकासम्पूर्ण भू-भाग ।<br>(छ) काईके गाउँपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ७ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकको शहरतारा र लावन गाउँ विकास समितिकासम्पूर्ण भू-भाग । | |
| ७. | <u>दोलखा</u><br>(क) गौरीशंकर गाउँपालिका :<br>(१) वडा नं. ९ को सम्पूर्ण भू-भाग,<br>(२) साविक गौरीशंकर गाउँ विकास समितिको वडा नं १ को भू-भाग मात्र ।<br>(ख) विगु गाउँपालिका :<br>(१) वडा नं. १ को सम्पूर्ण भू-भाग,<br>(२) साविकको लामाबगर गाउँ विकास | प्रति व्यक्ति प्रति हप्ता बीस अमेरिकी डलर वा सोबराबरको विदेशी मुद्रा । |

| क्र.सं. | गाउँपालिका/नगरपालिकाको विवरण (निषेधित क्षेत्र) | पदयात्रा अनुमति दस्तुर |
|---|---|---|
| | समितिको वडा नं १ को भू-भाग मात्र (गौरीशंकर गाउँपालिकाको वेदिङ, ना र च्छो रोल्पा क्षेत्र र विगु गाउँपालिकाको लेप्चे क्षेत्र समेत) । | |
| ८. | गोरखा चुमभ्याली क्षेत्र<br>(सिर्दिवास–लोक्पा–चुमलिङ–छेकम्पार–निले–छुले)<br>चुमनुब्री गाउँपालिका :<br>(१) वडा नं. ३, ६ र ७ को सम्पूर्ण भू-भाग,<br>(२) साविकका सिर्दिवास, चुम्चेत र छेकम्पार गाउँ विकास समितिका सम्पूर्ण भू-भाग । | (क) सेप्टेम्बरदेखिनोभेम्बरसम्म पहिलो एक हप्ताको लागि प्रति व्यक्तिचालीस अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,<br>(ख) डिसेम्बरदेखि अगस्तसम्म पहिलो एक हप्ताको लागि प्रति व्यक्ति तीस अमेरिकी डलर वा सो बराबरको अन्यपरिवर्त्य{विदेशी मुद्रा र त्यसपछि प्रतिदिन प्रतिव्यक्ति सात अमेरिकी डलर वा सो बराबरको अन्यपरिवर्त्य विदेशी मुद्रा । |
| ९. | सङ्खुवासभा<br>(क) भोटखोला गाउँपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ५ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका किमाथांका, चेपुवा र हटियाका सम्पूर्ण भू-भाग सहित साविकको पावाखोला गाउँ विकास समिति वडा नं १ देखि ३ को सम्पूर्ण भू-भाग।<br>(ख) मकालु गाउँपालिका :<br>(१) वडा नं. ४ को सम्पूर्ण भू-भाग,<br>(२) साविक पावाखोला गाउँ विकास समितिको वडा नं ४ देखि वडा नं. ९ सम्मको सम्पूर्ण भू-भाग । | पहिलो चार हप्ता सम्म प्रति व्यक्ति प्रति हप्ता बीस अमेरिकीडलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा र त्यसपछि प्रति व्यक्ति प्रति हप्ता पच्चीसअमेरिकीडलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । |
| १०. | सोलुखुम्बु<br>खुम्बु पासाङ ल्हामु गाउँपालिका :<br>(१) वडा नं. ५ को सम्पूर्ण भू-भाग, | पहिलो चार हप्ता सम्म प्रति व्यक्ति प्रति हप्ता बीस अमेरिकीडलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा |

| क.सं. | गाउँपालिका/नगरपालिकाको विवरण (निषेधित क्षेत्र) | पदयात्रा अनुमति दस्तुर |
|---|---|---|
| | (२) साविकको नाम्चे गाउँ विकास समितिको वडा नं. ८ र ९ को सम्पूर्ण भू-भाग,<br>(३) साविकको नाम्चे गाउँ विकास समितिको चामे देखि नाङपाला जाने उत्तर पश्चिमको सम्पूर्ण भू-भाग । | र त्यसपछि प्रति व्यक्ति प्रति हप्ता पच्चीसअमेरिकीडलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा । |
| ११. | रसुवा<br>गोसाईकुण्ड गाउँपालिका :<br>(१) वडा नं. १ को सम्पूर्ण भू-भाग र वडा नं. २ को आंशिक भू-भाग,<br>(२) साविकको थुमन गाउँ विकास समितिको सम्पूर्ण भू-भाग र टिमुरे गाउँ विकास समितिको आंशिक भू-भाग । | प्रति व्यक्ति प्रति हप्ता बीस अमेरिकीडलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । |
| १२. | मनाङ<br>(क) नार्पा भूमि गाउँपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ५ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका नार र फु गाउँ विकास समितिका सम्पूर्ण भू-भाग ।<br>(ख) नार्शो गाउँपालिका :<br>(१) वडा नं. ६ र ७ को सम्पूर्ण भू-भाग,<br>(२) साविकको थोचे गाउँ विकास समितिको वडा नं. १ देखि वडा नं. ५ सम्मको सम्पूर्ण भू-भाग (तिल्चे उत्तर क्षेत्रको भू-भाग) । | (क) सेप्टेम्बरदेखि नोभेम्बरसम्म पहिलो एक हप्ताको लागि प्रति व्यक्ति एक सय अमेरिकी डलरवा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा र त्यसपछि प्रतिदिन प्रतिव्यक्ति पन्ध्रअमेरिकी डलर वा सो बराबरको अन्यपरिवर्त्यविदेशी मुद्रा ।<br>(ख)डिसेम्बरदेखि अगस्तसम्म पहिलो एक हप्ताको लागिप्रति व्यक्ति पचहत्तर अमेरिकी डलर वासो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा र त्यसपछि प्रतिदिन प्रतिव्यक्ति पन्ध्रअमेरिकी डलर वा सो बराबरको अन्यपरिवर्त्यविदेशी मुद्रा । |
| १३. | बझाङ<br>साइपाल गाउँपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ५ सम्मको | पहिलो एक हप्ताको लागि प्रति व्यक्ति नब्बे अमेरिकी डलरवा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा |

| क्र.सं. | गाउँपालिका/नगरपालिकाको विवरण (निषेधित क्षेत्र) | पदयात्रा अनुमति दस्तुर |
|---|---|---|
| | सम्पूर्ण भू-भाग, (२) साविकको काँडा गाउँ विकास समितिको सम्पूर्ण भू-भाग (सैपाल र धुली क्षेत्र समेत)। | र थप प्रति दिनको प्रति व्यक्ति पन्ध्र अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा । |
| १४. | मुगु<br>मुगुमकार्मारोग गाउँपालिका :<br>(१) वडा नं. १ देखि वडा नं. ९ सम्मको सम्पूर्ण भू-भाग,<br>(२) साविकका डोल्फु, मुगु, किम्री, पुलु र मांग्रीगाउँ विकास समितिका सम्पूर्ण भू-भाग । | पहिलो एक हप्ताको लागिप्रति व्यक्ति एक सय अमेरिकी डलरवा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा र थप प्रति दिनको प्रति व्यक्ति पन्ध्र अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा । |
| १५. | दार्चुला<br>ब्याँस गाउँपालिका :<br>(१) वडा नं. १ को सम्पूर्ण भू-भाग,<br>(२) साविकका ब्यास गाउँ विकास समितिको वडा नं. १देखि वडा नं. ९ सम्मको सम्पूर्ण भू-भाग । | पहिलो एक हप्ताको लागिप्रति व्यक्ति नब्बे अमेरिकी डलरवा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा र थप प्रति दिनको प्रति व्यक्ति पन्ध्र अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्यविदेशी मुद्रा । |

द्रष्टव्यः

१. फरक दस्तुरमात्र बुझाउनु पर्ने : माथिल्लो मुस्ताङ र माथिल्लो डोल्पा क्षेत्रमा रहेका हिमाल आरोहण गर्दा तिरिएको रोयल्टी दस्तुर पदयात्रा दस्तुर भन्दा कम भएमा कम भए बराबरको फरक रकम बुझाउनु पर्नेछ ।

२. नेपाली मुद्रामा दस्तुर बुझाउन सक्ने : यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भारतीय नागरिकले यस अनुसूचीको सम्बन्धित क्रम सङ्ख्यामा उल्लिखित अमेरिकी डलर बराबरको रकम नेपाली मुद्रामा बुझाउन सक्नेछन् ।"

आज्ञाले,
प्रेम कुमार राई
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.ह.द.नं. १६।२०६२।६३